**BLUE PRINT**
**NEPALI -124 (2023-2024)**
**CLASS-XII**

| Section | Details of topic/section | Types of questions | No of Questions | Weithage |
|---|---|---|---|---|
| **Vyakaran** | ✓ **Chanda-**<br>Parichaya, Mahatwa, Chanda kaa 1ng awa tatwa, gan parichaya.<br>Anustuv, Totak, Shikharani.<br>✓ **Alankar-**<br>Parichaya, Mahatwa, Alankar kaa Prakar.<br>Upama, Slesh, Atisayokti. | MCQ | 12 | 12x1=12 |
| **RituVichar (Khanda Kavya)** | Basanta ra Hemanta (Matrai) | MCQ | 8 | 8x1=8 |
| **Upanyash** | Juneli Rekha | SA | 5 | 5x2=10 |
| **PrativaPariychaya** | I) Lekhnath Poudyal,<br>II) Bal Krishna Sama,<br>III) Parijat. | SA | 3 | 3x2=6 |
| **Katha** | I) Tyo Feri Farkala, Bhawani Vikshu<br>II) Rup ko mulya, Bal Krishna Sama<br>III) Ujyali Ko Aansu, Hridaya Chandra Sing Pradhan. | SA<br>SA | 3<br>2 | 3X2=6<br>2x3=6 |
| **Nibanda** | I) Hai Hai Angreji, Laxmiprasad Devkota<br>II) Hamro Rastriya Chaad Ra Sayapatri Phul, Vishnuram Rai | SA<br>LA | 2<br>1 | 2x2=4<br>1x4=4 |
| **Natak** | I) Natak Sadharan Parichaya<br>II) Ekanki Natak “Bandhini” | SA<br>SA | 1<br>2 | 1X2=2<br>2X3=6 |
| **Nepali Sahitya ko aithihasik parichaya** | I) Nepali Bhasako Parichaya,<br>II) Nepali Upanyash | SA | 3 | 3X2=6 |
| **Writing Section** | ✓ Nibanda Lekhan | LA | 1 | 1X5=5 |
| | ✓ Patra Lekhan | LA | 1 | 1x5=5 |
| **Internal Assessment** | Periodic Assessment (5)<br>Multiple Assessment (5)<br>Reading and Speaking Skills (5)<br>Subject Enrichment Activities (5) | | | 20 |
| **Total** | | | | 100 |

SAMPLE QUESTION PAPER–2023-24

**विषय नेपाली (CODE–124)**

**कक्षा–(XII)**

निर्धारित समय – 3 घण्टा                                                  अधिक्तम अङ्क – 80

| |
|---|
| यस प्रश्नपत्रलाई खण्ड 1 र 2 गरी दुई भागमा विभाजन गरिएको छ। |
| खण्ड 1 मा वस्तुपरक बहुवैकल्पिक प्रश्नहरू रहेका छन्। |
| खण्ड 2 मा रहेका सबै प्रश्नहरू वर्णनात्मक छन्। |
| प्रत्येक प्रश्नसङ्ख्यामा दिइएका निर्देशनलाई पालन गर्दै सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस्। |

| **प्रश्न सङ्ख्या** | **खण्ड – 1**<br>**बहुवैकल्पिक वस्तुपरक प्रश्नहरू** | **अङ्क** |
|---|---|---|
| 1. | **निम्नलिखित बहुवैकल्पिक प्रश्नहरूका सही विकल्प चुनेर लेख्नुहोस्।** | (12x1=12) |
| i. | काव्यको .......... लाई अलङ्कार भनिन्छ।<br>A. छन्द।<br>B. आभूषण।<br>C. साहित्य।<br>D. निबन्ध। | |
| ii. | अलङ्कारका कति भेद छन् ?<br>A. चार।<br>B. पाँच।<br>C. दुई।<br>D. तीन। | |
| iii. | कुनै दुई वस्तुको रूप, गुण आदिको समानता विचारेर तुलना गरे कुन अलङ्कार हुन्छ ?<br>A. उपमा।<br>B. अतिशयोक्ति।<br>C. श्लेष।<br>D. अर्थालङ्कार। | |
| iv. | अतिशयोक्ति अलङ्कारमा ...........को उल्लेख गरिएको हुँदैन।<br>A. उपमेय।<br>B. उपमान।<br>C. विषयी।<br>D. उपमावाचक। | |
| v. | यति, गति र लय मिलेको वर्ण, मात्रा आदि गन्ती गरेर कविता रचना गरिने निश्चित मान वा रूपलाई ......... भनिन्छ।<br>A. अलङ्कार।<br>B. छन्द।<br>C. कविता।<br>D. गद्य। | |

| | | |
|---|---|---|
| vi. | वार्णिक छन्दमा गण कतिवटा हुन्छन् ?<br>A. चार।<br>B. तीन।<br>C. दुई।<br>D. आठ। | |
| vii. | ।।। भए ....... गण हुन्छ।<br>A. न।<br>B. स।<br>C. म।<br>D. भ। | |
| viii. | "हिमाली पाखाका उदरबिच छन् औषधिहरू,<br>पहाड़ी पाखामा नव तरुलता छन् फलहरू।<br>उक्त पङ्क्ति कुन छन्दमा रचिएको छ ?<br>A. तोटक।<br>B. शिखरिणी।<br>C. शार्दूलविक्रीडित।<br>D. उपमा। | |
| ix. | तलको कुन विकल्प तोटक छन्दको गण सङ्केत हो ?<br>A. ।। ऽ - ।। ऽ - ।। ऽ - ।। ऽ,<br>B. ।।। - ।।ऽ - ।।ऽ - ऽऽ। ,<br>C. ।। ऽ - ।।ऽ - ।।ऽ - ऽऽ।,<br>D. ।। - ।।। - ऽऽऽ - ।।ऽ, | |
| x. | 'आँखा मृगका जस्तै सुन्दर छन्।'<br>उक्त वाक्यको 'जस्तै' – शब्दमा उपमा अलङ्कारको कुन अङ्ग प्रयोग भएको छ ?<br>A. उपमेय।<br>B. उपमान।<br>C. उपमावाचक शब्द।<br>D. साधारण धर्म। | |
| xi. | शार्दूलविक्रीडित छन्दमा चरण वा पाउको अन्तिम वर्ण ......... हुन्छ।<br>A. लघु।<br>B. गुरू।<br>C. हलन्त।<br>D. अनुस्वार। | |
| xii | छन्दमा यतिलाई के पनि भनिन्छ ?<br>A. गति<br>B. आवृत्ति<br>C. विराम<br>D. गण | |

| | | | |
|---|---|---|---|
| 2. | **निम्नलिखित काव्यांश पढ़ेर सोधिएका बहुवैकल्पिक प्रश्नहरूका सही विकल्प चुनेर उत्तर लेख्नुहोस्।** | (8x1=8) | |
| | नाम-शेष भयो सारा पुरानू शिशिर-स्थिति।<br>लियो वसन्तले अर्को नयाँ गौरव-पद्धति ॥<br>ऋतु हुन् अरु पाँचोटा, वसन्त ऋतु-राज हो।<br>लोक गौरवले भर्नु यसैको मुख्य काज हो ॥<br>वसन्तमा समानै छन् ठण्डी गर्मी दुवै गुण।<br>तुल्य-तुल्य दया-दण्ड राजाका हुन् विभूषण ॥<br>देखिन्छ नाऽतिशीतोष्ण महिमा ऋतु-राजको।<br>दया-दण्डज्ञ राजाको नीति झैं राजकाजको ॥<br>पशु-पक्षी लता–वृक्षलगायत चराचर।<br>ऋतु-नायकको गर्छ प्रेमले स्वाऽऽगताऽऽदर ॥<br>सेतो कमलको छाता मञ्जरी-मय चामर।<br>ऋतु-राजत्वका चिह्न देखिन्छन् अति सुन्दर ॥<br>भुमराहरु वीणाको दिव्य झङ्कार गर्दछन्।<br>गुण-गायक भै पङ्क्षी गानमा तान भर्दछन्।<br>बर्र बर्र लता-वृक्ष लावा झैं फूल छर्दछन्।<br>पुतली नर्तकी-तुल्य नाचदै अघि सर्दछन्।<br>मलयाऽचलको वायु लगातार सिरीसिरी।<br>कलिला पालुवा-रूप पङ्खा हम्कन्छ सुस्तरी ॥<br>सजाये-को छ सर्वत्र दिव्य सौन्दर्यको रथ।<br>शान्तिको जल छर्केको खुला आनन्दको पथ ॥<br>सारा वन बगैंचामा सजायेको छ आसन।<br>ऋतु-राज उतैबाट गर्छ त्यो शुभ-शासन ॥<br>दिव्य आनन्दको रङ्ग, दिव्य कान्ति तरङ्ग छ।<br>दिव्य उन्नतिको ढङ्ग, दिव्य सारा प्रसङ्ग छ।।<br>त्यो दिव्य रङ्ग पायेका लता-वृक्ष वनस्पति।<br>देखिन्छन् योग्य नेताका रैती झैं उन्नताऽऽकृति ॥ | | |
| i. | **उक्त काव्यांश ऋतुविचारको कुन विचारबाट उद्धृत गरिएको हो ?**<br>A. शिशिर विचार।<br>B. ग्रीष्म विचार।<br>C. वसन्त विचार।<br>D. हेमन्त विचार। | | |
| ii. | **ऋतुविचार खण्डकाव्यका रचनाकार को हुन् ?**<br>A. कविशिरोमणि लेखनाथ पौड्याल।<br>B. महाकवि लक्ष्मीप्रसाद देवकोटा।<br>C. नाट्यसम्राठ बालकृष्ण सम।<br>D. आदिकवि भानुभक्त आचार्य। | | |

| | | |
|---|---|---|
| iii. | **कुन ऋतुको स्थिति शेष भएर वसन्त आएको हो ?**<br>A. ग्रीष्म।<br>B. वर्षा।<br>C. शिशिर।<br>D. हेमन्त। | |
| iv. | **वसन्त ऋतुलाई किन ऋतुराज भनिएको हो ?**<br>A. जाड़ो पनि गर्मी पनि भएकाले।<br>B. साह्रै जाड़ो  कम्ति गर्मी भएकाले।<br>C. न जाड़ो न गर्मी एवं सबैतिर सुन्दर भएकाले।<br>D. न जाड़ो न गर्मी एवं सबैतिर हरियाली नभएकाले। | |
| v. | **'दिव्य'  शब्दको अर्थ कुन सही छैन ?**<br>A. चहकिलो।<br>B. प्रकाशमय।<br>C. मनोहर।<br>D. अँध्यारो। | |
| vi. | **यस ऋतुमा कसले विणाको झङ्कार झैं आवाज निकाल्छन् ?**<br>A. पुतली।<br>B. पक्षी।<br>C. पशु।<br>D. भुमरा। | |
| vii. | **यस ऋतुमा कसले गानमा तान भर्दछन् ?**<br>A. पुतलीले।<br>B. चराले।<br>C. मौरीले।<br>D. हावाले। | |
| viii. | **कविले उक्त ऋतुमा लता-वृक्ष वनस्पतिलाई केसँग तुलना गरेका छन् ?**<br>A. योग्य रैतीसँग।<br>B. योग्य नेतासँग।<br>C. सुकेको जङ्गलसँग।<br>D. तातो हावासँग। | |
| **खण्ड 2 (वर्णनात्मक प्रश्नहरू)** | | |
| 3. | **निम्नलिखित प्रश्नहरूका संक्षेपमा उत्तर लेख्नुहोस्।** | 5x2=10 |
| i. | जुनेली रेखा उपन्यासमा कहाँको अनि कहिलेको चित्रण गरिएको छ ? | |
| ii. | हट्टाबाहर भन्नाले के बुझिन्छ ? | |
| iii. | जसेले सञ्चमानसँग के विन्ति बिसायो ? | |
| iv. | साहेबले मालिनीसँग कस्तो प्रस्ताव राख्यो ? | |
| v. | मालिनीले पुतलीबाट के प्रेरणा पाई ? | |

| | | |
|---|---|---|
| 4. | **निम्नलिखित प्रश्नहरूका संक्षेपमा उत्तर लेख्नुहोस्।** | 3x2=6 |
| i. | लेखनाथ पौड्याललाई कुन उपाधिले सम्मानित गरिएको थियो ? | |
| ii. | बालकृष्ण समले किन आफूलाई शमशेर जबरा भन्न रूचाएनन् ? | |
| iii. | पारिजातका कुनै दुईवटा कृतिको नाम लेख्नुहोस्। | |
| | **निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस्।** | |
| 5. | 'भोलि दिउँसो ठीक तीन बजेतिर एकचोटि आइदिनुहुन्छ कि ?' यो वाक्य कसले कसलाई भनेको हो ? | 2 |
| 6. | "रानु कोइला खानी जस्तै नराम्री थिइन्, त्यसैले उनीभित्र हीराभन्दा उज्ज्वल सौन्दर्यको प्रकाश थियो, त्यो आजको प्रकाशमा तल्लीन भयो।"<br>यहाँ 'उनीभित्र हीराभन्दा उज्ज्वल सौन्दर्यको प्रकाश थियो' भनेको के हो ? | 2 |
| 7. | यात्रीले जाने बेलामा सानीलाई कति दिनमा फर्किन्छु भनेको थियो ? ती दिनको प्रतीक्षा सानीले कसरी गरी ? | 2 |
| 8. | विमल र डाकुको चरित्रबारे प्रकाश पार्नुहोस् । | 3 |
| 9. | सानीको जीवनको उद्देश्य कहिलेदेखि हरायो ? | 3 |
| | **निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस्।** | |
| 10. | लक्ष्मीप्रसाद देवकोटाले अंग्रेजी पढ्ने प्रेरणा कसरी पाएका थिए ? | 2 |
| 11. | नेपाली समाजमा सयपत्री फूलको महत्त्व कुन समयमा बेसी हुन्छ ? | 2 |
| 12. | 'हाइ हाइ अङ्ग्रेजी' निबन्धबाट देवकोटाले के आह्वान गर्दैछन् ? | 4 |
| | **निम्न प्रश्नहरूका सङ्क्षेपमा उत्तर लेख्नुहोस्।** | |
| 13. | साधारण अर्थमा नाटक भनेको के हो ? | 2 |
| 14. | बन्दिनीको भनाइमा क्रान्ति कसरी जन्मिन्छ ? | 3 |
| 15. | आधुनिक नाटकले हामीलाई के सन्देश दिन्छ ? | 3 |
| 16. | **निम्न प्रश्नका उत्तर लेख्नुहोस्।** | (3x2=6) |
| i. | नेपाली भाषाको सर्वप्राचीन रूप कुन हो र यो कुन सालमा कपिएको थियो ? | |
| ii. | नेपाली भाषालाई किन साझा भाषाको रूपमा चिनिन्छ ? | |
| iii. | निम्नलिखित कुनै दुई उपन्यासका रचनाकारहरूको नाम लेख्नुहोस्-<br>रूपमति, बसाइँ, तीन घुम्ती, आज रमिता छ। | |
| 17. | तल दिइएका कुनै एक विषयमा लगभग 150 शब्दमा निबन्ध लेख्नुहोस्।<br>➢ सूचना प्रौद्योगिकीको महत्त्व।<br>➢ परोपकार।<br>➢ अनेकतामा एकता। | 5 |
| 18. | समयको महत्त्व जनाउँदै छात्रावासमा बस्ने बहिनीलाई एउटा पत्र लेख्नुहोस्।<br>**अथवा**<br>आफूलाई चाहिएका कुनै तीन पुस्तकहरू मगाउँदै प्रकाशक, जनपक्ष प्रकाशन, गान्तोकलाई एउटा व्यवसायिक पत्र लेख्नुहोस्। | 5 |